# टोखा नगरपालिका

टोखा नगरपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ७ मितिः २०८२/०५/२२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ङ) बमोजिम टोखा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग–२

## टोखा नगरबासीलाई काज किरिया खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

टोखा नगरपालिकाभित्र स्थायी बसोबास गर्ने कुनै व्यक्तिको मृत्यु हुँदा निजको सम्मानजनक एवं सहज रुपमा दाहासंस्कार, काजकिरिया लगायत अन्य मृत्यु संस्कार सम्बन्धी कार्यलाई सहज बनाई नागरिकको कोखदेखि शोकसम्म राज्यको उपस्थिति हुनुपर्छ भन्ने मान्यतालाई सार्थक तुल्याउन मृतकको

एकाघरका सदस्य वा काजकिरिया गर्ने नजिकको आफन्तलाई काजकिरिया खर्च वापत रकम उपलब्ध गराउन वाञ्छनीय भएकोले टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम टोखा नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " टोखा नगरबासीलाई काज किरिया खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) "ऐन" भन्नाले टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७५ लाई सम्झनु पर्छ।

(२) "कार्यपालिका" भन्नाले टोखा नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(३) "कार्यालय" भन्नाले टोखा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(४) "वडा कार्यालय" भन्नाले टोखा नगरपालिकाभित्रको कुनै वडा कार्यालय सम्झनुपर्दछ।

(५) "सभा" भन्नाले टोखा नगरपालिकाको सभा सम्झनु पर्छ।

३. **उद्देश्य** : यस कार्यविधि बमोजिम टोखा नगरबासीलाई काज किरीया खर्च उपलव्ध गराउनुको उदेश्य देहाय बमोजिम रहेको छः-

(१) परिवारका सदस्यको मृत्यु भएमा तत्कालीन अवस्थामा परिवारको खर्चको आवश्यकता परिपूर्ति गर्न,

(२) नेपाल सरकारद्धारा तोकिएको समयमै मृत्युदर्ता गरी व्यक्तिगत घटना दर्ता गराउने कार्यलाई प्रभावकारी बनाउन,

(३) नगरबासीको कोख देखि शोकसम्म स्थानीय सरकारको अभिभावकीय भूमिका निर्वाह गर्न,

(४) सामाजिक न्याय प्रदान गर्न ।

४. **काज किरीया खर्च वापत रकम उपलव्ध गराईनेः** (१) टोखा नगरपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने कुनै व्यक्तिको कुनै कारणले मृत्यु भएमा निजको एकाघरको सदस्य तथा निजको एकाघरको सदस्य उपलव्ध नभएमा निजको काजकिरिया गर्ने नजिकको आफन्तलाई काज किरीया खर्च बापत रकम उपलव्ध गराईनेछ ।

(२) उपदफा १ बमोजिम उपलव्ध गराईने रकम रु. १०,०००|- (अक्षेरुपी रु. दश हजार मात्र) हुनेछ ।

(३) उपदफा २ बमोजिमको रकममा कुनै पनि कर कट्टी गरिनेछैन ।

५. **काज किरिया खर्च वापतको रकम पाउने आधारहरुः** यस कार्यविधि बमोजिम काजकिरिया खर्च बापत रकम प्राप्त गर्न देहाय बमोजिम आधार पूरा भएको हुनुपर्नेछः-

(१) मृतक टोखा नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने,

(२) निवेदक अर्थात् रकम प्राप्त गर्न योग्य व्यक्ति मृतकको एकाघरको सदस्य तथा एकाघरको सदस्य उपलब्ध नहुने भएमा निजको काजकिरिया गर्ने नजिकको आफन्त हुनुपर्ने ।

६. **काजकिरिया खर्च वापतको रकम प्रदान गर्ने तरिकाः** (१) काजकिरिया खर्च बापतको रकम प्राप्त गर्न उपदफा (३) मा उल्लेखित कागजात सहित मृतकको एकाघरको सदस्यले अनुसूची १ बमोजिमको ढाँचामा टोखा नगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम एकाघरको सदस्य उपलव्ध नभएमा उपदफा (३) मा उल्लेखित कागजात सहित मृतकको काजकिरिया गर्ने नजिकको आफन्तले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश हुने निवेदन साथ निवेदकले देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः-

(क) सम्बन्धित वडा कार्यालयवाट मृतकको एकाघरको सदस्य वा काजकिरिया गर्ने नजिकको आफन्तलाई काजकिरिया खर्च उपलव्ध गराउने व्यहोरा खुलाई पठाईएको अनुसूची २ बमोजिमको ढाँचामा सिफारिस पत्र

(ख) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्र/जन्म दर्ता प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि

(ग) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि

(घ) काजकिरिया खर्च प्राप्त गर्ने मृतकको एकाघरको सदस्य/काजकिरिया गर्ने नजिकको आफन्तको नागरिकता/राष्ट्रिय परिचयपत्र प्रमाणपत्रको प्रतिलिपि

(ङ) मृतकसँग एकाघरको सदस्यको नाता खुल्ने कागजात/एकाघरको सदस्य उपलव्ध नभई काजकिरिया गर्ने नजिकको आफन्तलाई काजकिरिया खर्च उपलव्ध गराउनुपर्ने अवस्थामा सोही व्यहोरा खुलाई पठाईएको सम्बन्धित वडा कार्यालयको पत्र

(च) निवेदकको बैंक खाता सम्बन्धी विवरण

(४) उपदफा (१) वा (२) बमोजिम निवेदन तथा कागजात प्राप्त भएपश्चात् नगरपालिकाको पन्जीकरण सम्बन्धी कार्य गर्ने सम्बन्धित शाखाले पेश भएका कागजात रुजु गरी यस कार्यविधि बमोजिम काजकिरिया खर्च बापत रकम उपलव्ध गराउन उपयुक्त देखिएमा सोही बमोजिम नगरपालिकाको आर्थिक प्रशासन संचालन गर्ने शाखामा पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम कागजात प्राप्त भएपश्चात् आर्थिक प्रशासन संचालन गर्ने शाखाले प्राप्त कागजात रुजु गरी भुक्तानी गर्न उपयुक्त देखेमा सम्बन्धित निवेदकको बैंक खातामा सम्बन्धित खर्च शिर्षकवाट काजकिरिया खर्च बापतको रकम भुक्तानी गर्नुपर्नेछ।

(६) यस कार्यविधि बमोजिम उपलव्ध हुने काजकिरिया खर्च वापतको रकम मृतकको काजकिरिया तथा अन्य मृत्यु संस्कार सम्बन्धी कार्यमा खर्च गर्नुपर्नेछ।

७. **बजेट व्यवस्थापन, लेखा तथा लेखापरीक्षणः** (१) यस कार्यविधि बमोजिम काजकिरिया खर्च बापत रकम उपलव्ध गराउनको लागि सभा तथा कार्यपालिकाले आवश्यकता अनुसार सम्बन्धित शिर्षकमा आवश्यक बजेट व्यवस्थापन गर्नेछ।

(२) यस कार्यविधि बमोजिम भुक्तानी हुने काजकिरिया खर्च रकमको प्रचलित कानुन बमोजिम लेखा राखिने तथा लेखा परीक्षण गरिनेछ।

८. **लागू हुने समयको सुरुवात सम्बन्धी व्यवस्था** : यस कार्यविधि बमोजिम उपलव्ध हुने काजकिरिया खर्च बापतको रकम २०८२ साउन १ गते तथा सो मितिभन्दा पछि मृत्यु भएकाहरुको हकमा लागु हुनेछ।

९. **अभिलेख व्यवस्थापनः** (१) यस कार्यविधि बमोजिम मृतक एवं काजकिरिया खर्च बापत रकम प्राप्त गर्ने व्यक्तिको विवरण अनुसुची ३ बमोजिमको ढाँचामा तयार गरिनेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको विवरण प्रत्येक ३/३ महिनामा कार्यालयको वेबसाईट मार्फत एवं सार्वजनिक सूचना जारी गरी सार्वजनिक गरिनेछ।

१०. **समीक्षा तथा प्रतिवेदनः** (१) यस कार्यविधि बमोजिम प्रदान हुने काजकिरिया खर्च रकम सम्बन्धमा प्रत्येक ३/३ महिनामा नगरपालिकाको संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन हेर्ने विषयगत समितिमा छलफल तथा समीक्षा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको समीक्षा समेतलाई समेटेर सम्बन्धित संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन हेर्ने विषयगत समितिले वार्षिक रुपमा कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

११. **विविधः** (१) यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

(२) कार्यविधिमा लेखिएको कुरा बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

(३) यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

(४) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची -१

**निवेदकले दिने निवेदनको ढाँचा**

(कार्यविधिको दफा ६ को उपदफा १ र २ सँग सम्बन्धित )

मितिः ..............................

श्रीमान् नगर प्रमुखज्यू,

टोखा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

मैजुहिटी, काठमाडौँ ।

**बिषय : काज किरिया खर्च बापतको रकम उपलब्ध गराउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यसै नगरपालिका अन्तर्गत वडा नं ..... बस्ने मेरो एकाघरको सदस्य/आफन्त श्री ............................. (ना.प्र.प./ जन्म दर्ता प्र.प./रा.प.प. नं. ..........................) को मिति .................... मा ................................ कारणले मृत्यु भएकोले म निजको एकाघरको सदस्य श्री ............................ /निजको एकाघरको सदस्य समेत उपलव्ध नभई म निजको काजकिरिया गर्ने नजिकको आफन्त श्री .................................. लाई टोखा नगरबासीलाई काज किरिया खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०८२ बमोजिम तहाँ नगरपालिकावाट मृतकको काजकिरिया खर्च बापत उपलव्ध हुने रकम रु. १०,०००|- अक्षेरुपी रु. दश हजार मात्र उपलब्ध गराई पाँउ भनी सोको लागि आवश्यक पर्ने कागजातहरु यसै निवेदसाथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**मृतकको:**

नाम, थरः ..........................................................

ठेगाना : ..........................................................

मृत्यु भएको मिति र मृत्यु दर्ता प्रमाणपत्र नं. : ................................

**निवेदन दिने एकाघरको सदस्य/काजकिरिया गर्ने नजिकको आफन्तको विवरण**

निवेदकको नाम, थर :

निवेदकको मृतकसँगको नाताः

निवेदकको नागरिकता नं. :

निवेदकको फोन नं. :

निवेदकको ठेगाना :

निवेदकको हस्ताक्षर :

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** सम्बन्धित वडा कार्यालयवाट मृतकको एकाघरको सदस्य वा काजकिरिया गर्ने नजिकको आफन्तलाई काजकिरिया खर्च उपलव्ध गराउने व्यहोरा खुलाई पठाईएको अनुसूची -२ बमोजिमको ढाँचामा सिफारिस पत्र, मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्र/जन्म दर्ता प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि, मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, काजकिरिया खर्च प्राप्त गर्ने मृतकको एकाघरको सदस्य/काजकिरिया गर्ने नजिकको आफन्तको नागरिकता/राष्ट्रिय परिचयपत्र प्रमाणपत्रको प्रतिलिपि, मृतकसँग एकाघरको सदस्यको नाता खुल्ने कागजात/एकाघरको सदस्य उपलव्ध नभई काजकिरिया गर्ने नजिकको आफन्तलाई काजकिरिया खर्च उपलव्ध गराउनुपर्ने अवस्थामा सोही व्यहोरा खुलाई पठाईएको सम्बन्धित वडा कार्यालयको पत्र, निवेदकको बैंक खाता सम्बन्धी विवरण

अनुसूची-२

**सम्बन्धित वडा कार्यालयको सिफारिसको ढाँचा**

(कार्यविधिको दफा (६) को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

श्री टोखा नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय मैजुहिटी काठमाडौ।

**विषय : काज किरिया खर्च वापतको रकम उपलब्ध गराईदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा साविक ................. गा.वि.स./न.पा वडा नं. .... हाल टोखा नगरपालिका वडा नं........ टोल ....................... बस्ने श्री ......................... को नाती श्री ................................ को छोरा/छोरी श्री ............................ को पति/पत्नी बर्ष ............. को श्री ............................ को मृत्यु मिति ......................... गते.......................... कारणले भएकोले निज मृतकको एकाघरको सदस्य ..................... नाता पर्ने श्री ................................/ निजको एकाघरको सदस्य समेत कोही उपलव्ध नभएकोले निज मृतकको काजकिरिया गर्ने नजिकको आफन्त ठेगाना ............................ भएको श्री ............................................... लाई टोखा नगरबासीलाई काज किरिया खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०८२ बमोजिम काजकिरिया खर्च वापतको रकम रु. १००००।- अक्षेरुपी रु. दश हजार मात्र उपलब्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध छ।

.................

वडा अध्यक्ष

अनुसूची -३

## **काजकिरिया खर्च वापत रकम वितरण सम्बन्धी विवरण/अभिलेख**

(कार्यविधिको दफा (९) को उपदफा (१) सँग सम्बन्धित)

आर्थिक बर्ष ...........

| सि. नं. | मृतकको नाम, थर | मृतकको ठेगाना | ना.प्र.प्र/ जन्मदर्ता/ रा.प.प. नं. | मृत्युदर्ता प्रमाणपत्र नं. र मृत्यु मिति | मृत्युको कारण | काजकिरिया खर्च वापत रकम प्राप्त गर्ने व्यक्तिको नाम थर | निजको ना.प्र.प/ रा.प.प नं. | निजको फोन नं. | निजको मृतकसँगको नाता | रकम उपलब्ध गराईएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**प्रमाणीकरण मितिः २०८२/०५/२२**

**आज्ञाले,**
**कमल भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**